नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ओखलढुंगा

पत्र संख्या:
चलानी नम्बर:
प्राप्त पत्र संख्या र मिति:

मिति २०७७/०४/०६

## अत्यन्त जरुरी सूचना

विगत केही दिन देखीको अविरल वर्षाका कारण मित्रराष्ट्र चीनको खासा क्षेत्रमा रहेको "केरुङ च्छो" नामक ताल फुट्न सक्ने र त्यसवाट सुनकोशी नदीमा समेत पानीको प्रवाह उच्च हुनगई यस जिल्ला स्थित सुनकोशी नदी किनाराका निम्न वस्तिहरुमा जोखिम हुनसक्ने सम्भावना भएकोले सम्भावित जोखिम न्यूनीकरणका लागि सम्वन्धित स्थानीय तह/स्थानीय विपद व्यवस्थापन समितिलाई सतर्क तथा सक्रियताका लागि अनुरोध छ ।

**क. सम्भावित जोखिमयुक्त स्थान/वस्तिहरु;**

१. सुनकोशी गांउपालिका अन्तर्गत वडा नं १ र २ वलखु **(थोल्मेघाट र पन्चकन्या घाट क्षेत्र)**

२. चम्पादेवी गांउपालिका अन्तर्गतवडा नं १ र २ पलापु **(नवलपुरघाट क्षेत्र)**

३. मानेभञ्ज्याङ गांउपालिका अन्तर्गतवडा नं ६ **सोक्माटार** र वडा नं ७ **हर्कपुर/टोक्सेल क्षेत्र**

**ख. जोखिम न्यूनीकरण गर्न पूर्वतयारीका लागि गर्नुपर्ने कार्यहरु;**

१. सुनकोशी नदीको जलप्रवाह पहिचानका लागि हर्कपुर/टोक्सेलमा जडान गरिएको Early Warning System बाट नियमित रुपमा जल तथा मौषम विज्ञान विभागमा स्वचालित पद्वति (Automatic) मार्फत सन्देश प्रवाह हुन्छ ।त्यसको अवस्था नियमित रुपमा http://www.hydrology.gov.np को WATCH RIVER मा हेरी जलप्रवाहको अद्यावधिक अवस्थाका वारेमा स्थानीय नागरिकहरुलाई नियमित जानकारी गराउनु हुन ।

२. सुनकोशी नदीमा जलप्रवाह उच्च हुदै गएमा जोखिमयुक्त क्षेत्र आसपासका NTC र NCELL मोवाईल प्रयोगकर्ताहरुलाई जल तथा मौषम विज्ञान विभागबाट खतराको सन्देश प्रवाह हुनेछ । तसर्थ आफ्नो मोवाईलमा आउने सन्देशहरु नियमित रुपमा हेरी कुनै खतराको सन्देश प्राप्त भएमा तुरुन्तै स्थानीय तहका जिम्मेवार पदाधिकारी तथा जिल्लास्थित विपद

कृष्ण पौडेल
प्रमुख जिल्ला अधि

०३७-५२०१३३ प्र.जि.अ.
०३७-५२०१३१ स.प्र.जि.अ.
०३७-५२०१३२ प्रशासन
०३७-५२०१८२ फ्याक्स
Website: daookhaldunga.moha.gov.np
Email: daookhaldhunga@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुंगा

पत्र संख्याः
चलानी नम्बरः
प्राप्त पत्र संख्या र मितिः

व्यवस्थापन सम्वद्ध पदाधिकारीहरुलाई खवर गर्नका लागि सूचित गर्नुहुन ।*(सम्पर्क विवरण यस कार्यालयको* ***web site*** *र* ***Facebook Page*** *मार्फत समेत सार्वजानिक गरिएको छ ।)*

३. सम्भावित जोखिमयुक्त स्थानका नागरिकहरु विशेष चनाखोपूर्वक रहन अनुरोध गर्नुहुन ।

४. नदी क्षेत्र तथा किनारामा अत्यावश्यक काम वाहेक प्रवेश नगर्न नगराउन जानकारी गराउनुहुन ।

५. पानीको प्रवाह उच्च हुदै गएमा सुरक्षित स्थानको पहिचान गरी सो को जानकारी गराई सुरक्षित रहन अनुरोध गर्नुहुन ।

..................
कृष्ण पौडेल
(प्रमुख जिल्ला अधिकारी)

०३७-५२०१३३ प्र.जि.अ.
०३७-५२०१३१ स.प्र.जि.अ.
०३७-५२०१३२ प्रशासन
०३७-५२०१८२ फ्याक्स
Website: daookhaldunga.moha.gov.np
Email: daookhaldhunga@gmail.com